# आठविसकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रूकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं. ९७४१३८९९९१, ९७४८४८३१३८


मितिः २०७६/०१/२०

पत्र संख्याः २०७५/०७६
चलानी नम्बर ................

## *शैक्षिक पुनर्जागरण अभियान संचालन हुने सम्बन्धी सूचना*

आठविसकोट नगर कार्यपालिकाको ३१ औं बैठक (मितिः २०७५/१२/२८ देखि ३० गतेसम्म बसेको) ले शैक्षिक सत्र २०७६ लाई शैक्षिक पुर्नजागरण अभियानको रुपमा मनाउने भनी चौथो विद्यालय अनुगमन प्रतिवेदन, २०७५ स्वीकृत गरिएको छ । चौथो विद्यालय अनुगमन प्रतिवेदन, २०७५ मा उल्लेख भए अनुसार पहिलो चरणमा देहायका कार्यहरु गर्नु गराउनु हुन सम्पुर्ण विद्यालय, वडा कार्यालयहरु र सरोकारवाला सबैको जानकारीको लागी अनुरोध छ :-

(क) ***भौतिक संरचना सुधार अभियानः-*** यस अभियान अन्तरगत निर्मित भौतिक संरचनाहरु मर्मत संभार, रङ्गरोगन गर्ने तथा गराउने, कक्षाकोठा, कम्पाउण्ड, शौचालय, प्रशासनिक कक्ष सबैमा पुर्ण सरसफाई मार्गदर्शन, २०७५ मा उल्लेखित सरसफाईका सबै सूचक पुरा हुने गरी गतिविधिहरु सञ्चालन गर्ने ।

(ख) ***सशक्तिकरण तथा दिमाग शुद्धिकरण अभियानः-*** सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गरी गुणस्तरीय, जीवन उपयोगी र प्रविधिमैत्री शिक्षाको सुनिश्चितताको लागी प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीहरुको क्षमता तथा सीप विकास तालिम तथा कार्यक्रमहरुको आयोजना गरिने भएकाले सो कार्यमा नगरपालिकाको निर्देशन अनुसार सरिक हुने, यसअघी सिकेका सीपहरुको अधिकतम् उपयोग गर्ने, पेशाप्रति तटस्थ, प्रतिवद्ध, जवाफदेही पुर्ण ढङ्गले आवद्ध हुन प्र.अ. तथा शिक्षक कर्मचारीहरुको दिमाग मन्थन तथा शुद्धिकरण अभियान बर्षभरी संचालन गरिने भएकाले पेशाप्रति सँधै इमान्दार, बफादार र कर्तव्यनिष्ठ ढङ्गले लागिपर्ने ।

(ग) **अभिभावक शिक्षा तथा जागरण अभियानः-** सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास र भरोसाको स्तर उच्च बनाउन नगरपालिका, वडा कार्यालय, वि.व्य.स., शिक्षक अभिभावक संघ र विद्यालय शिक्षक कर्मचारी सम्मिलित वृहत र नियमित अन्तरक्रिया र जागरण कार्यक्रम संचालन गरिने ।

(घ) ***हाम्रो पोशाक हाम्रो शान-दिन्छौं अब नगरको पहिचान*** भन्ने सोचका साथ बालविकास केन्द्रदेखि कक्षा १० सम्मका सम्पुर्ण विद्यालयका सबै बालबालिकाहरुलाई पोशाकमा एकरुपता ल्याई सामुदायिक विद्यालयहरुको विद्यमान अवस्था सुधार गर्न नगरपालिकाको ५० प्रतिशत लागत र सम्बन्धित अभिभावकको ५० प्रतिशत लागतमा पोशाक वितरण गरिने भएकाले सबै सामुदायिक विद्यालयहरुले त्यसको व्यापक तयारी गर्ने, शिक्षक, कर्मचारीहरुले समेत अनिवार्य रुपमा तोकिएको पोशाक लगाउने ।

(ङ) ***कार्यसम्पादन सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धतीः-*** अनुगमन तथा मूल्याङ्कन पद्धतीलाई वस्तुपरक एवम् सूचकमा आधारित बनाई कार्यतालिकाको आधारमा अनुगमन तथा मूल्याङ्कन गरिने ।

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रूकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं. ९७४१३८९९६१, ९७४८५८३१३८


मितिः २०७६/०१/२०

पत्र संख्याः २०७५/०७६

चलानी नम्बर ...............

(च) *कामचोर, पेशाप्रति इमान्दार नभएका, शैक्षिक उपलब्धी सन्तोषजनक नभएका, सरकारका नीति, कानुन तथा निर्देशनहरु कार्यान्वयन गर्न असमर्थ, शैक्षिक माफिया एवम् कुरौंटे* शिक्षक, कर्मचारी, प्रधानाध्यपक, वि.व्य.स. पदाधिकारी लगायत शिक्षासँग सरोकार राख्ने व्यक्ति तथा निकायहरुलाई तत्काल पद र जिम्मेवारीबाट पदच्युत र जिम्मेवारी विहिन बनाई कानुनी कार्वाही गरिने अभियान ।

(छ) "गर या मर अभियान":- प्रतिस्पर्धामा खरो उत्रन नसक्ने, गैरजिम्मेवारीपुर्ण ढङ्गले काम गर्ने, कमजोर व्यवस्थापकीय र पेशागत क्षमता भएका प्र.अ., शिक्षक, वि.व्य.स.का पदाधिकारी एवम् शैक्षिक संस्थालाई *"गर या मर"* सिद्धान्त अनुसार प्रोत्साहन वा दण्डित गरिने ।

*पुनश्चः नगरपालिकाले शैक्षिक सुधारको लागि अगाडी सारेका अभियान एवम् क्रियाकलाप, शिक्षा क्षेत्रमा गरेको लगानी र दिएका निर्देशन, नीतिगत कानुन एवम् संस्थागत व्यवस्थाहरुलाई कमजोर नजरअन्दाज नगर्न र गैरजिम्मेवार नबन्न सम्बन्धित सबैलाई सचेत गराईन्छ । अन्यथा नगरपालिकाको शैक्षिक पुर्नजागरण अभियानको सिकार भईनेछ ।*

रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत